**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं. २४०

पुनरावेदन नं. ०७८-RB-०२५३

दर्ता मितिः २०७९।०३।३१

मुद्दाः– सुन भन्सार चोरी पैठारी ।

| | |
|---|---|
| जिल्ला सर्लाही, ब्रहमपुरी नगरपालिका वडा नं.३ बस्ने राजेन्द्र गिरीको नाति नगेन्द्र गिरीको छोरा वर्ष २७ को जय प्रकाश गिरी (नेपाली राहदानी नं. ०९०२१३०५)......................................................................................१ | पुनरावेदक प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत टिकाराज चौलागाई समेतको प्रतिबेदनले नेपाल सरकार..................................................१ | प्रत्यर्थी वादी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- त्रिभुवन विमानस्थल भन्सार कार्यालय,गौचर काठमाण्डौ

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख भन्सार प्रशासक श्री महेश भट्टराई

शुरु कार्यालयको निर्णय मितिः–२०७९।०३।२३

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री रिना तामाङ

प्रत्यर्थीहरुका तर्फबाट : विद्धान सहायक न्यायाधिवक्ता श्री बिकास बन्जारा

**अवलम्वित नजीरः** ×

त्रिभुवन विमानस्थल भन्सार कार्यालय काठमाण्डौको मिति २०७९।०३।२३ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. मिति २०७८।११।१७ गते बिहान करिब १०:०० बजे NEPAL AIRLINES को उडान नं. RA-240 बाट DOHA हुँदै KATHMANDU आएका नेपाली नागरिक राहदानी नं. 09021305 बाहक जयप्रकाश गिरीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको वाकथ्रु क्षेत्रमा गोप्य अंगमा लुकाई छिपाई ल्याएको अवस्थामा खानतलासी गर्दा निजले आफूले बोकी ल्याएको शरिर भित्र शंकास्पद सुन जस्तो देखिने पहेलो धातु जम्मा तौल ३९ ग्राम (उनान्चालिस) ग्राम बरामद भएको भन्ने व्यहोराको त्रिभुवन विमानस्थल भन्सार कार्यालयले मिति २०७८।११।१७ गते पेश गरेको खानतलासी तथा बरामदी मुचुल्का।

२. मिति २०७८।११।१७ गते बिहानको करिब १०:०० बजेको समयमा NEPAL AIRLINES को उडान नं. RA- 240 बाट दोहा हुँदै काठमाडौं आएका नेपाली नागरिक राहदानी नं. 09021305 वाहक जयप्रकाश गिरीलाई त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको वाकथ्रु क्षेत्रमा चेकजाँच एंवम् खानतलासी गर्ने क्रममा निजले गोप्य अंगमा राखी लुकाई छिपाई ल्याएको अवस्थामा जम्मा तौल ३९ (उनान्चालिस) ग्राम बरामद भएको हुँदा बरामदीत सुन जस्तो देखिने पंहेलो रङ्गको धातु सहित निजलाई थप अनुसन्धान र आवश्यक कारबाहीको लागि पेश गरेका छौ भन्ने व्यहोराको त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत टिकाराज चौलागाई समेतको मिति २०७८।११।१७ गते प्रमुख भन्सार प्रशासक समक्ष पेश भएको प्रतिवेदन।

३. खानतलासी तथा बरामदी मुचुल्का, दशी र प्रतिवेदन समेतको आधारमा निजले भन्सार ऐन, २०६४ को दफा ५७(१) को कसूर अपराध गरी उक्त सुन जस्तो देखिने पहेंलो धातु भन्सार छली ल्याएको होइन भन्न सक्ने अवस्था नदेखिएको हुँदा सोही ऐनको दफा ४६ को उपदफा (३) बमोजिम आवश्यक कारवाहीको लागि अनुसन्धान तहकिकात गर्न, बयान लिन र अन्य कानुनी प्रकृया पुरा गरी भन्सार अधिकृत मधु कुमार पौडेललाई अनुसन्धान अधिकृत तोकि उक्त सुन जस्तो देखिने धातु सुरक्षित साथ राखी थप अनुसन्धान गर्नू भनि प्रमुख भन्सार प्रशासक महेश भट्टराईबाट मिति २०७८।११।१८ मा भएको आदेश।

४. वाक थ्रु एरियामा चेकजाँच गर्दा मेरो साथबाट सुन बरामद भएको उक्त सुन मैले पाइन्टको भित्र पट्टी अन्डरवेयरको माथी पट्टी थैलीमा हालेर ल्याएको, मैले वाक थ्रु को चेकजाँच भन्दा अगाडी सुन निकालेर देखाएको थिइन। मैले आफैले नै निकालेर दिएको मैले बोकेर आएको सुन मेरो आफ्नै हो। सो बरामद भएको सुन आफ्नै विहेको लागी ल्याएको, भन्सार तिरेर लान पाइन्छ भनि सुनि बोकेर आएको र सो सुन मैले भन्सारमा घोषणा नगरेको, भन्सार तिरेको कागज प्रमाण केही नभएको सुन ओसारपसार गर्ने नियत पनि होइन। एक पटकको लागी माफ पाँउ भन्ने व्यहोराको प्रतिवादी जयप्रकाश गिरीले अनुसन्धान अधिकृत समक्ष गरेको बयान ।

५. भन्सार ऐन, २०६४ को दफा २(च) तथा दफा ५७(१) बमोजिमको कसूर अपराध गरी प्रतिवादीबाट बरामद भएको सुन लुकाई छिपाइ ल्याएको होइन भन्न सक्ने अबस्था नभएकोले पछि ठहरे बमोजिम हुने गरी हाललाई बरामदीत सुनको वारदात भएको मिति २०७८।११।१७ गते नेपाल सुन चाँदी डिलर एसोसिएसनको वेबसाइटमा प्रकाशित प्रति ग्राम सुनको बजार मुल्य रु.८,३६७/५० (अक्षरुपी आठ हजार तिन सय सतसठ्ठी रुपैया पचास पैसा) को दरले निजको साथबाट बरामद भएको ३९ (उनान्चालिस ) ग्राम सुनको हुने जम्मा मुल्य रु.३,२६,३३२।– (अक्षेरुपी तीन लाख छब्बिस हजार तीन सय बत्तिस रुपैया) लाई विगो कायम गरी भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१क) अनुसार हुने बिगो बमोजिमको जरिवाना रु.३,२६,३३२।- (अक्षेरुपी तीन लाख छब्बिस हजार तीन सय बत्तिस रुपैया) भन्सार ऐन, २०६४ को दफा ६०ख. को उपदफा (२) बमोजिम प्रतिवादीसंग नगद धरौटी माग गर्ने र माग बमोजिमको नगद धरौटी दाखिला गरे प्रतिवादीलाई धरौटी तारेखमा छाडीदिनु, माग बमोजिमको नगद धरौटी दाखिला गर्न नसके कारागार कार्यालय जगन्नाथदेवलमा काठमाण्डौमा थुनामा राख्न पठाउनू भनि मिति २०७८।११।२३ मा अनुसन्धान अधिकृतबाट भएको आदेश ।

६. भन्सार अधिकृतले निस्सा माग गर्दा पेश गर्न नसकेको, उक्त मालवस्तु चोरी पैठारी गरी ल्याएको मानिने कानुनी व्यवस्था रहेको साथै, प्रतिवादीले उक्त सुन बैध हो भन्ने निस्सा / प्रमाण समेत पेश गर्न नसक्नुले भन्सार ऐन, २०६४ को दफा २ को देहाय (च) तथा सोही ऐनको दफा ५७ (१) मा वर्णित भन्सार लाग्ने मालवस्तु चोरी पैठारी सम्बन्धी कसुर अपराध गरेको स्पष्ट हुन्छ। तसर्थ बरामदीत सुनको सम्बन्धमा वारदात मिति २०७८।११।१७ गते नेपाल सुन चाँदी डिलर एसोसिएसनको वेबसाइटमा प्रकाशित प्रति ग्राम सुनको बजार मुल्य रु.८,३६७।५० (अक्षरुपी आठ हजार तीन सय सतसठ्ठी रुपैया पचास पैसा) को दरले निजको साथबाट बरामद भएको ३९ (उनान्चालिस ) ग्राम सुनको हुने जम्मा रु. ३,२६,३३२/- (अक्षेरुपी तीन लाख छब्बिस हजार तीन सय बत्तीस) लाई

विगो कायम गरी भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१क) बमोजिम उक्त बरामदित सुन जफत गरी बिगो बमोजिमको जरिवाना हुन र भन्सार नियमावली २०६४ को नियम ४७ बमोजिम प्रतिवेदकहरुलाई पुरस्कार समेतको मागदावी लिई अनुसन्धान अधिकृतबाट मिति २०७८।१२।१० गते पेश भएको अभियोग पत्र।

७. निज प्रतिवादीले आफ्नो साथबाट बरामद भएको उक्त मालवस्तुको भन्सारमा घोषणा गरेको र भन्सार तिरेको निस्सा वा प्रमाण केही पनि पेश गर्न नसकेको साथै भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिमको जिम्मेवारी समेत पुरा नगरेको अवस्थामा निज प्रतिवादीको उक्त कार्य भन्सार ऐन, २०६४ को दफा ५७ (१) बमोजिमको कसूर अपराध रहेको ठहरी निज प्रतिवादी जयप्रकाश गिरीको साथबाट बरामद भएको ३९(उनान्चालिस) ग्राम सुन निजले योजनाबद्व रुपमा आफ्नो गोप्य अंगमा राखि भन्सार ऐन, २०६४ को दफा २(च) मा वर्णित तथा दफा ५७(१) मा उल्लेख भए बमोजिमको भन्सार चोरी पैठारीको कसूर अपराध गरी ल्याएको ठहरेको हुँदा बरामदित सुनको अनुसन्धान अधिकृतले अभियोग पत्रमा खुलाएको जम्मा मूल्य रु.३,२६,३३२।- (तीन लाख छब्बिस हजार तीन सय बत्तिस) लाई विगो कायम गरी भन्सार ऐन, २०६४ को दफा ५७ (१क) अनुसार बरामदित सुन जफत गरी विगो बमोजिमको मूल्य रु.३,२६,३३२।- (अक्षरुपी तीन लाख छब्बिस हजार तीन सय बत्तिस) जरिवाना हुने ठहर्छ भनी त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक महेश भट्टराईबाट मिति २०७९।३।२३ गते भएको निर्णय ।

८. म पुनरावेदकले विदेशबाट नेपाल फर्कदा आफ्नो निजी/व्यक्तिगत प्रयोगको लागि विदेशमा नै ३९ ग्राम सुन खरिद गरी सोको रसिद समेत आफूसँगै रहेको, आफूले ल्याएको उक्त सुन कानूनले निर्दिष्ट गरेको परिधिभित्रै रहेको, विदेशबाट फर्केका नेपाली नागरिकले भन्सार महसुल तिरी १०० ग्रामसम्म सुन ल्याउन कानूनले प्रतिबन्ध समेत नगरेको, त्यस परिमाणसम्म सुनमा आर्थिक ऐन २०७९ बमोजिम भन्सार महसुल तिरी पैठारी गर्ने सुविधा ऐनले नै दिएको अवस्थामा सम्बन्धित भन्सार अधिकृतले म वैदेशिक रोजगारीबाट फर्केको यात्रुलाई आयात सम्बन्धमा भन्सार क्षेत्रमा आउँदा भन्सार महसुल तिर्ने वा सो सम्बन्धीको कारबाहीको सम्बन्धमा सहजीकरण गर्नुपर्नेमा उल्टै म पुनरावेदक उपर सुन चोरी पैठारी गरेको भनी गलत अभियोग लगाई सोही अभियोग बमोजिम बरामदित सुनको बिगो रु.३,२६,३३२।- कायम गरी उक्त बरामदित सुन जफत गरी बिगो बमोजिम रु.३,२६,३३२।- जरिवाना हुने ठहयाई त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट म विरुद्ध अन्यायपूर्ण फैसला गरेको हुँदा उक्त फैसला बदर गरी अभियोग दावीबाट सफाई

दिलाई पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई प्रतिवादीको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७९।०३।३१ मा दायर भएको पुनरावेदन पत्र।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०७।१७ मा भएको आदेश।

## ठहर खण्ड

१०. नियम बमोजिम साप्ताहीक तथा दैनिक पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री रिना तामाङले प्रतिवादी आफूले ल्याएको उक्त सुन कानूनले निर्दिष्ट गरेको परिधिभित्रै रहेको, विदेशबाट फर्केका नेपाली नागरिकले भन्सार महसुल तिरी १०० ग्रामसम्म सुन ल्याउन कानूनले प्रतिबन्ध समेत नगरेको, त्यस परिमाणसम्म सुनमा आर्थिक ऐन, २०७९ बमोजिम भन्सार महसुल तिरी पैठारी गर्ने सुविधा ऐनले नै दिएको अवस्थामा भन्सार महसुल तिर्ने वा सो सम्बन्धीको कारबाहीको सम्बन्धमा सहजीकरण गर्नुपर्नेमा उल्टै चोरी पैठारी गरेको भनी सुन समेत जफत गर्ने गरी शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट भएको फैसला कानून सम्मत नभएकोले बदर गरी निजले सफाई पाउनुपर्छ भनि गर्नुभएको बहस समेत सुनियो।

११. प्रत्यर्थीका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले प्रतिवादीले सुन चोरी पैठारी गरी ल्याएको, कानुन बमोजिम ल्याउन सक्ने परिमाणको सुन हुंदा पनि भंसारमा घोषणा नगरी लुकाई छिपाई ल्याएको देखिंदा शुरु कार्यालयबाट भएको फैसला कानून सम्मत नै देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१२. उपर्युक्त बमोजिमको तथ्य एंव पुनरावेदन जिकिर रहेको प्रस्तुत मुद्दामा पुनरावेदक तर्फका विद्वान कानुन व्यवसायी तथा प्रत्यर्थी वादी तर्फका विद्वान सहायक न्यायाधिवक्ताले गर्नु भएको बहस जिकिरलाई समेत दृष्टिगत गरी हेर्दा यसमा शुरु भन्सार कार्यालयको निर्णय मिलेको छ वा छैन? पुनरावेदकको जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. निर्णय तर्फ विचार गर्दा, प्रतिवादी जयप्रकाश गिरीलाई मिति २०७८।११।१७ गते बिहानको १०:०० बजेको समयमा Nepal Airlines को उडान नं.RA-240 दोहा हुंदै

नेपाल आउदा त्रिभुवन विमानस्थल बाकथ्रु क्षेत्रमा चेकजाँच एवंम् खानतलासी गर्ने क्रममा निजले गोप्य अंगमा राखी लुकाई छिपाई ल्याएको अवस्थामा जम्मा तौल ३९(उनान्चालिस) ग्राम सुन जस्तो देखिने पहेंलो धातु बरामद गरिएको भन्ने वेहोराको भन्सार कार्यालयको मिति २०७८।११।१७ को मिसिल संलग्न बरामदी/खानतलासी मुचुल्काबाट देखिन्छ। उक्त मुचुल्कामा यी प्रतिवादी समेत रोहवरमा बसी दस्तखत गरेको देखियो।निजले अनुसन्धान अधिकृत समक्ष बयान गर्दा, बरामद सुन आफ्नो पेन्टको भित्र पट्टी अन्डरवेयरको माथी पट्टी राखेर थैलीमा हालेर ल्याएको,आफ्नो विहेको लागि लिएर आएको, भन्सार तिरेर लान पाइन्छ भनि सुनी बोकेर ल्याएको र सो सुन ओसार पसार गर्ने नियत होइन भनी बयान गरेको देखियो। विदेशबाट नेपालमा सुन आयात सम्बन्धमा नेपाल सरकार बाणिज्य तथा आपुर्ति मन्त्रालयको मिति २०६७।०८।१४ को सूचनाले नेपाल राष्ट्र बैंकले तोकेको प्रक्रिया र परिमाण अनुरुप बाणिज्य बैंकहरुले मात्र आयात र विक्री वितरण गर्न पाउने भन्ने ब्यवस्था गरेको देखियो। प्रतिवादी जयप्रकाश गिरीले आफ्नो साथमा रहेको सुन भन्सार कार्यालयमा घोषणा गरेको मिसिल संलग्न प्रमाणबाट देखिंदैन।

१४. भन्सार ऐन, २०६४ को दफा २(च) मा "***भन्सार महशुल लाग्ने मालबस्तु भन्सार महशुल नतिरी लुकाई छिपाई वा बाटो छली वा भन्सार महशुल नलाग्ने मालबस्तु भए पनि यस ऐन बमोजिम घोषणा नगरी नेपाल भित्र ल्याउने कार्यलाई भन्सार चोरी पैठारी सम्झनुपर्छ***" भनी परिभाषित गरेको देखिन्छ। साथै, सोही ऐनको दफा १८(१) मा "***मालबस्तु पैठारी गर्ने ब्यक्तिले तोकिए बमोजिमको कागजात संलग्न गरी प्रज्ञापन पत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृत समक्ष पेश गर्नु पर्ने***" भन्ने ब्यवस्था रहेकोमा प्रतिवादी जयप्रकाश गिरीले ल्याएको बरामदीत सुन त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा घोषणा गरेको पाइदैन। भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) मा "***कसैले कुनै मालबस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाट मात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ***" भन्ने कानुनी व्यबस्था रहेको पाइन्छ। प्रतिवादीले आफुले लगाएको पेन्टको भित्र पट्टी अन्डरवेयरको माथी पट्टी थैलीमा हालेर ल्याएको अवस्थामा सुन बरामद भएको र निजले सो कुरा स्वीकार गरेको देखिन आयो। यसरी प्रतिवादीले भन्सार लाग्ने सुन जस्तो मालवस्तु लुकाई छिपाइ, भन्सारमा घोषणा नगरी ल्याएको मिसिलबाट देखिंदा निजले सुन चोरी पैठारीको कसुरजन्य कार्य गरी भन्सार ऐन,२०६४ को दफा ५७(१) बमोजिमको कसुर गरेको पुष्टी भइरहेको हुंदा बरामद मालवस्तु जफत गरी निजलाई सोही ऐनको दफा ५७(१क) अनुसार निजबाट बरामद सुन जफत गरी विगो बमोजिमको रकम रु.३,२६,३३२।—( तीन लाख छब्बिस हजार तीन

सय बत्तिस रुपैया) जरिवाना हुने ठहऱ्याई शुरु भन्सार कार्यालयबाट भएको फैसला कानून सम्मत देखिंदा अन्यथा भन्न मिल्ने देखिएन।

१५. तसर्थ माथि विवेचना गरिएको आधार र कारणबाट प्रतिवादी जयप्रकाश गिरीलाई भन्सार ऐन,२०६४ को दफा ५७ को उपदफा (१) को कसूरमा बरामद सुन जफत गरी निजलाई विगो बमोजिम रु.३,२६,३३२।—(तीन लाख छब्बिस हजार तीन सय बत्तिस रुपैया) जरिवाना हुने ठहऱ्याई शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७९।३।२३ मा भएको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।
२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शूरु मिसिल त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः सनिता लामा
टिपोट गर्नेः- कम्प्युटर अपरेटर चन्द्र बहादुर नेपाली
फैसला मितिः-२०७९।१२।२।५
फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाण्डौ, मुकाम ललितपुरको छाप